# गौरीशंकर संरक्षण क्षेत्र र समुदायको अधिकार

■ भोला खतिवडा*

## विषय प्रवेश

दोलखा जिल्लाको उत्तरपूर्व क्षेत्रको ठूलो भूभाग मानव बस्तीभन्दा बाहिर रहेको छ । यो क्षेत्रमा पर्यटन विकासका प्रचुर सम्भावनाहरू रहेका छन् तर यसको प्रचारप्रसार र दीर्घकालीन सोचको अभावका कारण नयाँ सिर्जनात्मक कार्यहरू हुन सकिरहेका छैनन् । तत्कालीन जननिर्वाचित जिल्ला विकास समितिको चाहनाका कारण यस क्षेत्रमा संरक्षण क्षेत्रको अवधारणा विकास हुन पुगेको छ । संरक्षण क्षेत्र आफैंमा सकारात्मक अभियान हो । कुनै पनि व्यक्ति वा निकाय, संरक्षणको विरोधी हुनै सक्दैन । यही सकारात्मक मनसायका साथ दोलखाका जनप्रतिनिधिहरूले सोच विकास गरे, तर त्यतिखेर कुन कानुनका आधारमा संरक्षण क्षेत्र बनाउने भन्ने छलफलको विषय नै भएन । तत्कालीन अवस्थामा जनताको सहभागिता, पर्यटन विकास र दोलखाको सुन्दर भविष्यको मात्र कल्पना गरिएको थियो । फलस्वरूप संरक्षण क्षेत्रको घोषणा सहजका साथ गरियो तर कार्यान्वयनमा आएपछि, एकपछि अर्को जटिलताहरू देखा परे, जसमा संरक्षण क्षेत्र सञ्चालन गर्ने कानुनको खोजी र यसको सन्दर्भ विश्लेषण हुनु, गौरीशंकर संरक्षण क्षेत्रमा जनअधिकार अभियानको थालनी हुनु आदि छन् ।

**गौरीशंकर क्षेत्रको संक्षिप्त परिचय**

नेपालको प्रामाणिक समयको आधारविन्दु गौरीशंकर हिमाल, कालिञ्चोक भगवती, विगु गुम्बा, तामाकोसी हाइड्रो कोरिडोर भएको गौरीशंकर क्षेत्र प्राकृतिक तथा धार्मिक हिसाबले महत्वपूर्ण मानिन्छ । यस क्षेत्रमा विश्वको ठूलो च्छोरोल्पा हिमताल पर्दछ । त्यसैगरी धार्मिक र वैदिक उपचारका लागि प्रसिद्ध स्थल तातोपानीको मुहानसमेत पर्दछ, जहाँ विभिन्न जिल्लाका मानिसहरू नुहाउनका लागि आउने गर्छन् । यहाँ कात्तिक र चैत महिनामा पाइला हाल्ने ठाउँसम्म पाइन्न, अत्यन्त भीड हुने गर्दछ । यही क्षेत्रमा नेपालको एकमात्र बन्जी जम्पिङ (भोटेकोसी नदीमा) स्थलसमेत पर्दछ । दोलखा जिल्लाको मात्र करिब ६४ प्रतिशत भूभाग ओगटेको यो संरक्षण क्षेत्रले दोलखाका १४, रामेछापका २ र सिन्धुपाल्चोकका ६ गरी कुल २२ वटा गाविसहरू समेटेको छ । यो संरक्षण क्षेत्रले २१७९ वर्ग किमि ओगटेको छ ।

## संरक्षण क्षेत्र घोषणाको पृष्ठभूमि

मानव बस्तीबाट टाढा रहेको तर ओझेलमा परेको गौरीशंकर क्षेत्रलाई स्थानीय समुदायसहितको सहकार्यमा सामुदायिक संरक्षण क्षेत्रको कल्पना गरिएको थियो । दोलखा जिल्ला विकास समितिका तत्कालीन जनप्रतिनिधिहरूको सुझबुझका साथ जिल्ला वन कार्यालयलाई समेत अध्ययन गर्न लगाइएको थियो । यसै आधारमा जिल्ला परिषद्बाट सामुदायिक संरक्षण क्षेत्र बनाउने र समग्र प्राकृतिक स्रोतमाथि नै समुदायको अधिकार स्थापना गराउने अभिप्रायले संरक्षण क्षेत्रको सोच विकास गरेको देखिन्छ । यही कुरा तत्कालीन जनप्रतिनिधिहरूले हाल आएर पनि दोहोऱ्याइरहेका छन् । सो कुरा उक्त समयमा तयार गरिएको दस्तावेजको अध्ययनबाट पनि प्रस्ट हुन्छ । तत्कालीन अवस्थामा पनि संरक्षण क्षेत्रको स्वरूप तथा कार्यप्रक्रियाको टुंगो नलागेको अवस्था थियो । यो संरक्षण क्षेत्रले समुदायको अधिकार हनन् गर्छ भन्नेबारेमा सामुदायिक वन उपभोक्ता समूहहरूले झिनो स्वरमा विरोध जनाइरहेका थिए । जब जनप्रतिनिधिमूलक संरचना भंग भए, त्यसपछि सामुदायिक संरक्षण क्षेत्रको मर्मसमेत कमजोर हुन पुग्यो ।

संविधानसभाको निर्वाचनपश्चात् गठन भएको मन्त्रिमण्डलका वन तथा भूसंरक्षणमन्त्री किरण गुरुङको समयमा पुनः गौरीशंकर संरक्षण क्षेत्रको विषयमा छलफल

अगाडि बढ्यो । वि.सं.२०६५ माघ २७ मा तत्कालीन वनसचिव डा. उदयराज शर्माको अध्यक्षतामा दोलखाका नेता, पूर्वजनप्रतिनिधिहरू समेतको उपस्थितिमा गौरीशंकर संरक्षणको बारेमा छलफल कार्यक्रम भयो । उक्त छलफलमा गौरीशंकर संरक्षण क्षेत्रको सम्भाव्यता अध्ययन गर्ने र सो क्षेत्रमा पर्ने सामुदायिक वन उपभोक्ता समूहहरू सँग परामर्श गर्ने निर्णय भएको थियो । यस अवधिमा संरक्षण क्षेत्रका पक्षधरहरूले प्रभावित जिल्लाका केही गाउँ विकास समितिमा छलफल तथा भेला कार्यक्रमहरू आयोजना गरे । परामर्शदातामार्फत सञ्चालित ती भेलामा स्थानीय बासिन्दाहरूको ज्यादै न्यून सहभागिता रहेको थियो ।

यी सबै पक्षलाई आधार मान्दै २०६६ मंसिर १९ गते कालापत्थरमा बसेको मन्त्रिपरिषद् बैठकबाट गौरीशंकर संरक्षण क्षेत्रको औपचारिक घोषणा भयो । तत्कालीन वनमन्त्री दीपक बोहोराको अगुवाइमा भएको गौरीशंकर संरक्षण क्षेत्रको घोषणालाई २०६६ पुस २७ मा राजपत्रमार्फत आधिकारिकता प्रदान गरियो । यसपछि २०६७ साउन ३ गते उक्त संरक्षण क्षेत्रलाई २० वर्षका लागि राष्ट्रिय प्रकृति संरक्षण कोषलाई जिम्मा दिने सूचना प्रकाशित भयो । जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरूको अन्तर्राष्ट्रिय सम्मेलन (COP 15) को पूर्वसन्ध्यामा आएर गौरीशंकर र दार्चुलाको अपीनाम्पा संरक्षण क्षेत्रलाई घोषणा गरिनुको मुख्य उद्देश्य भनेको नेपालले पनि जलवायु परिवर्तनका मुद्दालाई सम्बोधन गर्न थालेको छ भन्नेबारेमा अन्तर्राष्ट्रिय समुदायबीच चर्चा पाउनका लागि हो भन्न सकिन्छ । यद्यपि, तत्कालीन अवस्थामा वनमन्त्रीको यो कदम र भूमिकाको आलोचना भएको थियो ।

## संरक्षण क्षेत्रमा जनआवाज गुन्जनुको कारण

जनप्रतिनिधिहरूको सोचअनुसार नै सञ्चालन हुने अवस्था भएको भए सायद गौरीशंकर संरक्षण क्षेत्रको विषयमा आन्दोलन वा अभियान हुने थिएन । जनकेन्द्रित संरक्षण क्षेत्र जहाँ सामुदायिक वनलगायतका सामुदायिक पद्धतिलाई सुनिश्चित् गर्ने कानुनी आधारहरू देखेको भए सामुदायिक वन उपभोक्ता समूह र यसका पक्षधरहरूले आन्दोलन गर्दैनथे होला तर विडम्वना, पञ्चायती व्यवस्थामा बनेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र सोको आधारमा बनेको संरक्षण क्षेत्र व्यवस्थापन नियमावलीअनुसार गौरीशंकर संरक्षण क्षेत्र सञ्चालन हुने भएकोले सामुदायिक अधिकार तथा अभियानका पक्षधरहरू आन्दोलनमा उत्रिने नै भए ।

सरकारले संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ अनुसार कार्य गर्न भनी २० वर्षका लागि राष्ट्रिय प्रकृति संरक्षण कोषलाई जिम्मा दिने निर्णय गरेपछि सामुदायिक संरक्षणको अवधारणा कमजोर हुँदै गएको पुष्टि हुन गयो । उक्त कानुन बन्ने बेलामा सामुदायिक वनलगायत सामुदायिक पद्धतिहरूको अवधारणाले गति पाएको थिएन । सोही कानुनअनुसार संरक्षण क्षेत्र व्यवस्थापन हुने हो भने समुदायको कुनै हैसियत हुँदैन, समुदाय तथा नागरिक गोठालामात्र हुन्छन् र सामुदायिक वनजस्ता सामुदायिक प्रणालीको कुनै स्थान रहँदैन । यो नियमावलीअनुसार संरक्षण क्षेत्रभित्रका सबै काम संरक्षण प्रमुख र संरक्षण अधिकृत (जुन संस्थाको कर्मचारी हुन्छ) अन्तर्गत हुने गर्छन् । कर्मचारीका स्वविवेकीय अधिकारहरू धेरै रहन्छन् । सामुदायिक संगठन तथा संस्थाहरूले आर्जेको रकमसमेत संस्थाको खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । संरक्षणप्रमुखको अनुमतिबिना निजी जग्गामा पनि काम गर्न नपाइने व्यवस्था रहेको छ । यसैगरी गाँउ विकास समिति (गा.वि.स.) स्तरमा गठन हुने जनप्रतिनिधिमूलक संरचनामा मनोनीत गर्न पाउने, समितिहरूलाई सचेत गराउने, पुनर्गठन गर्ने अधिकार संरक्षण अधिकृतमा हुन्छ । साथै जनप्रतिनिधिमूलक संरचनाहरू संस्थामा दर्ता हुनुपर्ने र उनीहरूले बनाएको योजना संस्थाले स्वीकृत गर्नेजस्ता अनुदारवादी व्यवस्थाहरू लागू हुनु कानुनमा उल्लेखित थियो ।

## गौरीशंकर क्षेत्रका सरोकारवालाहरू र उनीहरूको चासो

संरक्षण क्षेत्र घोषणाका सन्दर्भमा संलग्न भएका विभिन्न सरोकारवालाले आआफ्नै खेल खेलेका छन् र सोही अनुसार आफ्ना अडान तथा धारणा राखेका छन् । राष्ट्रिय स्तरमा सरकार र राष्ट्रिय प्रकृति संरक्षण कोष (घोषणापछि सक्रिय भएको) को बढी चासो देखिन्छ । जिल्ला स्तरमा (घोषणापूर्व र पश्चात् पनि) राजनीतिक दलहरूको सक्रियता देखिन्छ । राष्ट्रिय स्तरदेखि जिल्ला स्तर र कतिपय स्थानमा स्थानीय समुदाय तहमा समेत चासो लिएको अर्को पक्ष भनेको सामुदायिक वन उपभोक्ता महासंघ नेपाल हो । त्यसैगरी पछिल्लो समयमा जातिगत

संस्थाहरू, विशेष गरी आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् दोलखाले समेत प्रत्यक्ष चासो देखाएको छ। साथै जिल्लास्तरीय सञ्चार जगत्ले समेत यो सवाललाई गम्भीरतापूर्वक लिएको छ।

## क) स्थानीय बासिन्दाको चासो

गौरीशंकर संरक्षण के हो, यो कसरी आयो भन्ने बारेमा धेरैजसो स्थानीय समुदायलाई जानकारी नै थिएन र छैन पनि। जतिलाई थाहा थियो उनीहरूले संरक्षण क्षेत्र घोषणा भएपछि भविष्यमा सकारात्मक फाइदा हुने आशा लिएका थिए किनभने संरक्षण कार्यक्रमसँगै गाउँघरमा विकासको लहर आउनेछ भनी प्रचार गरिएको थियो। अर्कोतिर सामुदायिक वन उपभोक्ता महासंघले भने संरक्षण क्षेत्रका कारणले समुदायको अधिकार कटौती हुँदैछ भन्नेबार गाउँगाउँमा जानकारी प्रवाह गर्ने अभियान चलाइरहेको थियो। यसरी संरक्षण क्षेत्रका पक्षधर र सामुदायिक वनका पक्षधरको कुरा बिल्कुलै फरक थियो। यस्ता फरकफरक विचारहरू आएपछि समुदायलाई भने कसको कुरा ठीक हो भन्नेबारेमा अन्योल हुनु स्वाभाविकै हो। कतिपय स्थानीय व्यक्तिहरूले भन्ने गर्थे- संरक्षण क्षेत्रले एक गालामा र सामुदायिक वन उपभोक्ता महासंघले अर्को गालामा हिर्काउँदै छन् जस्तोजस्तो लाग्छ। दुई पक्षधरले स्थानीय बासिन्दालाई अन्योलमा पार्ने वातावरण बनाएका थिए। समग्रमा स्थानीय समुदाय आफूले प्रयोग गरिरहेको प्राकृतिक स्रोतमाथिको स्वामित्वलाई कायम राख्दै संरक्षण क्षेत्रमार्फत प्राप्त हुन सक्ने अन्य विकास निर्माणका कार्यबाट पनि लाभान्वित हुने पक्षमा चासो देखाइरहेको छ।

## ख) अन्य सरोकारवालाको चासो

यस सवालमा जोडिएका अन्य सरोकारवालाको चासो र फरक सन्दर्भ तलको तालिकामा उल्लेख गरिएको छ :

**तालिका १: गौरीशंकर संरक्षण क्षेत्र माथि अन्य सरोकारवालहरूको चासो**

| चासोकर्ता | चासो लिनुको कारण | खेलेको भूमिका |
| --- | --- | --- |
| सरकार | • जलवायु परिवर्तनका सवालमा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण आफूतिर गराउनु थियो। त्यसका लागि एक कडीको रूपमा गौरीशंकरलाई प्रयोग गरियो। | • सरकार सदैव आफूअनुकूल नीति बनाउन आतुर हुने हुनाले जनजीविकाको सवालमाथि उसको सरोकारको विषय नभई जैविक विविधता जोगाउनुपर्छ र त्यसका लागि संरक्षण भन्ने मोह बोकेको।<br>• संरक्षण क्षेत्र घोषणापछि आफू जिम्मेवार नभई अर्को संस्थालाई पन्छाउँदै निष्क्रिय बसेको। |
| राष्ट्रिय प्रकृति संरक्षण कोष | • आफू अनुकूल प्राकृतिक स्रोत व्यवस्थापन गर्ने, भएका स्रोतहरू भजाएर विदेशी आकर्षित गरी वैदेशिक सहयोग प्राप्त गर्ने।<br>• अन्नपूर्ण क्षेत्रबाट निकट भविष्यमा बाहिर निस्कनुपर्ने भएकाले नयाँ ठाउँ खोजी गरिरहेको बखत गौरीशंकर दूरी र सम्पदाको हिसाबले पनि सहज तथा महत्वपूर्ण रहेको। | • वातावरण जोगाउने एक प्रमुख पात्रको रूपमा प्रस्तुत गरी तत्कालीन वनमन्त्रीको विश्वास जित्न सफल र २० वर्षका लागि गौरीशंकर संरक्षण क्षेत्र आफ्नो जिम्मामा लिन तथा आफू अनुकूल व्यवस्थापन गर्ने सोच विकास।<br>• सरकारले आफूलाई जिम्मा लगाएकाले संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ अनुसार काम गर्ने प्रयास।<br>• सर्वत्रको विरोध खेप्न नसकी गौरीशंकरका लागि नियमावली २०६६, परिमार्जन २०६७ अनि २०६८ को खेस्रा तयार, ती खेस्रामाथि सबैतिरबाट निन्दा भएपश्चात् जनप्रतिनिधिमूलक परिषद्बाट संरक्षण क्षेत्र व्यवस्थापन गर्ने नियमावलीको मस्यौदा तयार।<br>• नियमावलीलाई अन्तिम रूप प्रदान नगरी कामकारबाही नगर्ने भन्ने सबैको सुझाव हुँदाहुँदै संरक्षण समिति गठनलगायतका कामकारबाही अगाडि बढाइरहेको। |

| चासोकर्ता | चासो लिनुको कारण | खेलेको भूमिका |
|---|---|---|
| राजनीतिक दल-जिल्ला स्तर | • जिल्लामा नयाँ अवधारणा लागू गराई जस लिन आतुर, जनदबाब आएपछि मात्र जनजीविकाको सवालप्रति सकारात्मक । | • यो सवालमा पार्टीको राष्ट्रिय स्तरमा खासै बहस तथा चासो देखाएको पाइन्न ।<br>• २०५६ सालतिर संरक्षण क्षेत्रका कुरा गर्दा समुदायमा आधारित हुनुपर्छ भन्ने सोचमा आधारित देखिन्छ । सो समयमा तत्कालीन सांसदहरूले संसद्मा समेत बोलेको तर सामुदायिक वनको अधिकार खोसिएला, सामुदायिक वनसँगको अन्तरवस्तुमा द्वन्द्व पर्ला भन्ने नसोचेको ।<br>• जिल्ला परिषद् तथा अन्य निकायहरूमा आफू र आफ्नो पार्टी कुनै न कुनै रूपमा संलग्न भएकोले संरक्षण क्षेत्र बनाउनुपर्छ भन्ने धारणा, सोहीअनुसार जिल्लास्तरीय सर्वदलीय सहमतिसमेत भएको ।<br>• सामुदायिक वन महासंघ तथा समुदायको अभियानपश्चात् राजनीतिक दलले आपसमा समीक्षा गरी जनअधिकार सम्पन्न, सामुदायिक वनको हैसियतमा आँच नआउने गरी संरक्षण क्षेत्र बनाउने सोच विकास गरेको ।<br>• संरक्षण क्षेत्र सञ्चालन हुने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ समयसापेक्ष नभएकाले सो परिमार्जनका लागि लिखित रूपमा सहमत । |
| सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल | • सामुदायिक वनको पहिलेको हैसियत गुमी सामुदायिक वन र महासंघ कमजोर हुने चिन्ता ।<br>• सामुदायिक वन अधिकारबिनाको संरक्षण क्षेत्र माथिका आवश्यक छैन । | • राष्ट्रिय स्तरदेखि जिल्ला हुँदै समुदाय स्तरसम्म सचेतीकरण अभियान सञ्चालन ।<br>• यो संरक्षण क्षेत्रको छुट्टै नियमावली बनाउने कार्यदलमा बसेको । |
| आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् | • आदिवासी जनजाति महासंघलाई बेवास्ता गरि, पहिचान नदिएकोमा चिन्ता । | • संरक्षण क्षेत्र घोषणा पूर्वदेखि पश्चिमसम्म आदिवासी जनजातिहरूसँग समन्वय नगरेकोमा आपत्ति प्रकट ।<br>• प्राकृतिक स्रोतमाथि जनजाति, आदिवासी तथा स्थानीय समुदायको अधिकार रहनुपर्ने ।<br>• स्थानीय स्तरका अभियानमा सहकार्य । |
| सञ्चार जगत् | • प्राकृतिक स्रोतमाथि स्थानीय समुदायको अधिकार रहनुपर्ने । | • स्थानीय स्तरको अभियानमा प्रत्यक्ष संलग्नता ।<br>• राष्ट्रिय तथा जिल्ला स्तरीय सञ्चारमाध्यमबाट अभियानका विषयहरू प्रचारप्रसार । |

## जनमुखी संरक्षण क्षेत्रको अभियान

संरक्षण क्षेत्रको अवधारणा विकासको समयदेखि नै सामुदायिक वन उपभोक्ता महासंघले स्थानीय समुदायको अधिकार हनन् भएको भनी असहमति जनाउँदै आइरहेको थियो । सामुदायिक वनको हैसियत कस्तो हुने भन्ने जिज्ञासासहितको असहमतिका दस्तावेज सम्बन्धित पक्षलाई बुझाई नियमित रूपमा उपभोक्ताका पक्षमा वकालत गरिरहेको थियो । कालापत्थरबाट घोषणा हुनेबित्तिकै सामुदायिक वन उपभोक्ता महासंघ नेपालले असहमतिका कुराहरू प्रेसविज्ञप्तिमार्फत जाहेर गऱ्यो ।

सामुदायिक वनका पक्षधरहरूले सानो स्वरमा उठाएको आवाजलाई बेवास्ता गर्दै संरक्षण क्षेत्रसम्बन्धी गतिविधिहरू अगाडि बढेकाले फेकोफनले ३ वटै जिल्लाबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय कार्यसमितिका सदस्यहरू र जिल्ला महासंघका अध्यक्षहरूको बैठक बोलाई संघर्ष समिति गठन गरियो । त्यो समितिमार्फत जिल्ला स्तर तथा समुदाय स्तरका अभियानहरूको समायोजन गरियो । त्यसैगरि हरेक गाविसस्तरमा सामुदायिक वनहरूको भेला बोलाई संघर्ष समिति गठन भयो । यही अभियानसँगै समूहहरू जागरुक हुन पुगे ।

यति हुँदाहुँदै पनि जिल्लास्तरीय सर्वदलीय सहमतिको हवाला दिँदै अलोकतान्त्रिक नियमावलीको आधारमा संरक्षण क्षेत्रका गतिविधिहरू अगाडि बढाई संरक्षण समितिहरू गठन हुन थाले । सो प्रक्रियाको विरोध गर्न जनविरोधी गौरीशंकर संरक्षण क्षेत्र सचेतीकरण अभियान सञ्चालन भयो । साथै यस अभियानअन्तर्गत दोलखाका ४ स्थानमा क्षेत्रीय सभाहरू गरिए । संरक्षण क्षेत्रले समुदायलाई पार्ने असरका बारेमा जानकारी प्रवाह गर्ने काम भयो । यस अभियानमा राष्ट्रिय स्तरका पत्रकार, सामुदायिक वन उपभोक्ता महासंघका प्रतिनिधि, जिल्ला स्तरका पत्रकार, जनजाति महासंघ सम्मिलित एक टोलीद्वारा सचेतीकरण अभियान सञ्चालन गरिएको थियो । अभियानको अन्तिम दिन जिल्लास्तरीय अन्तर्क्रिया कार्यक्रम आयोजना भएको थियो । सो कार्यक्रममा जिल्लास्तरीय राजनीतिक दलका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । स्थानीय समुदायसँगको अन्तर्क्रियाका विषयहरू र उनीहरूको विचारका बारेमा प्रस्तुतिपश्चात् उपस्थित दलका प्रतिनिधिहरू आफ्नो सर्वदलीय सहमतिलाई पुनर्विचार गर्ने प्रतिबद्धता व्यक्त गरे, नयाँ कानुन नबनाई पुरानो कानुनका आधारमा संरक्षण क्षेत्रका कामकारवाही बढाउन नहुने दृढता सामूहिक रूपमा व्यक्त भयो ।

यो अवस्थासम्म आइपुग्दा, घटना विकासक्रमले राष्ट्रिय प्रकृति संरक्षण कोषका गतिविधिहरू उपर राजनीतिक दलहरूको समेत विश्वास गुम्न पुग्यो । यसबाट अतालिएर नयाँ नियमावली बनाउने भनी हतारहतार एउटा मस्यौदा तयार भयो । उक्त मस्यौदामाथि छलफल गर्न २०६८ जेठ ६ गते दोलखामा एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरियो । छलफलमा महासंघका तर्फबाट समेत एक मस्यौदा नियमावली प्रस्तुत गरियो । त्यस नियमावलीमाथि सहमति हुन नसकी अर्को नियमावली नबनेसम्म संरक्षण क्षेत्रका गतिविधिहरू रोक्ने र जेठ २७ सम्ममा नियमावली बनाइसक्ने सहमति भएको थियो ।

यस अवधिमा गौरीशंकर संरक्षण क्षेत्रको सवाल राष्ट्रिय बहसको केन्द्रविन्दुमा रूपान्तरण भइसकेको थियो । जनअधिकारको विषय कसैले रोकेर रोकिन सक्ने अवस्था थिएन । प्रायः दिनदिनै औपचारिक कार्यक्रमहरू आयोजना हुने गरेका थिए । वन चौतारीमा[१] यही विषय राखी छलफल गरिएको थियो । प्राकृतिक स्रोत जनसंसद्ले समेत संरक्षण क्षेत्रको विषयलाई छलफलमा राखी वनमन्त्रीलाई समेत अलोकतान्त्रिक कानुन (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९) परिमार्जन गर्न पहल गर्ने प्रतिबद्धता जनाउन प्रेरित गरेको थियो । यस्ता बहसमा गौरीशंकर संरक्षण क्षेत्रको २० वर्षसम्म व्यवस्थापन गर्ने जिम्मा पाएको राष्ट्रिय प्रकृति संरक्षण कोषको सञ्चालन प्रक्रियामाथि नै प्रश्न उठ्यो । संरक्षण कोष केन्द्रिय स्तरको बोलवालाहरू बाट सञ्चालन हुने, उनीहरू जनतासँग उत्तरदायि नहुने हुँदा लोकतान्त्रिक अभ्यास, जनताको प्रतिनिधि नहुने र जनअधिकारको सन्दर्भमा समस्या आएको पाईयो ।

---

[१] वन चौतारीः फरेष्टएक्सन नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल वन प्राविधिक संघ र अस्मीता नेपालद्वारा संयुक्त रुपमा सञ्चालन गरिएको, वन तथा प्राकृतिक स्रोत र तिनका नीतिसँग सम्बन्धित छलफल मञ्च हो ।

## बन्दै गरेको नियमावलीमा जनअधिकारका विषय

यी सबै अभियान, दबाब र केही राजनीतिक दलका प्रतिनिधिहरूको सक्रियताको प्रतिफलस्वरूप नियमावली लेख्ने कार्यदल गठन हुन पुग्यो । जसमा एकिकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले, राप्रपाका जिल्लास्तरीय प्रतिनिधि, महासंघका प्रतिनिधि, वन तथा भूसंरक्षण मन्त्रालय र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका प्रतिनिधिसमेतको सहभागिता रहेको थियो । यसभन्दा अघि नै सामुदायिक वन उपभोक्ता महासंघले नमुना नियमावली तयार गरी छलफलमा ल्याइसकेको थियो । ती सबै पक्षलाई आधार मान्दै त्यो कार्यदलले धेरै पटकको औपचारिक तथा अनौपचारिक छलफल गरी नियमावलीको मस्यौदामाथि सर्वपक्षीय छलफलको कार्यक्रम २०६८ साउन ११ गते आयोजना गरियो । त्यो छलफलबाट १५ दिने सार्वजनिक सूचना जारी गरी सुझाव संकलन गर्ने र साउन ३२ गते दोलखामा सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरी अन्तिम रूप दिने सहमति भयो । दोलखा जिल्ला विकास समितिको सभाकक्षमा सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रस्तावित नियमावली पढी सुनाइयो । त्यसमाथि सुझाव संकलन गरी प्राप्त सुझावलाई प्रस्तावित नियमावलीमा समावेश गर्ने प्रतिबद्धतासमेत कार्यदलबाट प्रस्तुत गरियो ।

पछिल्लो प्रस्तावित नियमावलीमा जनप्रतिनिधिमूलक परिषद्द्वारा संरक्षण क्षेत्रको व्यवस्थापन गर्ने प्रस्ताव गरिएको छ । सामुदायिक वनको हस्तान्तरण गाविस स्तरको जनप्रतिनिधिमूलक संरचना व्यवस्थापन समितिद्वारा गर्ने, परिषद् र सामुदायिक वन उपभोक्ता समूह दुवै अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाका रूपमा स्थापित हुने, सामुदायिक वन उपभोक्ता समूह तथा निजी जग्गामा भएका वनपैदावरको स्वतन्त्र रूपमा ओसारपसार तथा बिक्रीवितरण गर्न पाउनेजस्ता प्रावधानहरू समावेश गरिएका छन् । तथापी, यसमा सामुदायिक संरक्षण क्षेत्र नामाकरण हुन सकेको छैन । यसका निम्ति ऐन परिमार्जनका लागि कार्यदलबाट सिफारिस भएको छ । नियमावलीमा संरक्षण क्षेत्रको नाममा सामुदायिक भन्ने वाक्यांश छुटेको भए पनि यो प्रस्तावित नियमावलीमा सामुदायिक संरक्षण क्षेत्रका केही गुणहरू समावेश हुन सकेका छन् । संरक्षण क्षेत्र व्यवस्थापन गर्ने परिषद् नियमावली लागू भएको एक वर्षभित्र गठन गरिसक्नुपर्ने व्यवस्था राखिएको छ । परिषद्मा २२ वटै गाविस स्तरका व्यवस्थापन समितिका अध्यक्षहरू रहने, आदिवासी जनजाति महासंघ, सामुदायिक वन उपभोक्ता महासंघ, उद्यमी, महिला, दलित संस्थाको प्रतिनिधित्वसमेत रहने व्यवस्था रहेको छ । वन्यजन्तुको संख्यामा वृद्धि भई जनधनको क्षति भएमा वा हुने अवस्थामा अध्ययनको आधारमा कोटा निर्धारण गरी सिकार गर्न सकिने व्यवस्था प्रस्ताव गरिएको छ । सामुदायिक संरचना, परम्परागत उपयोगका पक्षलाई पहिचान तथा मान्यता दिने व्यवस्था रहेको छ ।

नियमावलीलाई अन्तिम रूप दिने भनी बोलाइएको बैठकमा कार्यदलका सदस्यहरूलाई आफ्ना विचार राख्ने मौका दिइएको थियो । सदस्यहरूबाट अझै पनि भनेजस्तो नियमावली बन्न नसकेको कुरा अघि सारिएको थियो । राजनीतिक दलका प्रतिनिधिहरूले जनअधिकारका पक्षमा सकारात्मक नभएको कारण जनकेन्द्रित नियमावली बन्न नसकेको, यसैगरी जातीय तथा लैंगिक हिसाबले विभिन्न संरचनाको प्रतिनिधित्व सुनिश्चितता नगरिएको, संरक्षण क्षेत्र व्यवस्थापन परिषद्मा मनोनीत २ जनाबाहेक महिलाको प्रतिनिधित्व नहुने संरचना रहेकोले यसमा महिला प्रतिनिधि आउन सक्ने सम्भावना भने ज्यादै न्यून देखिन्छ भन्ने सुझाव दिएका थिए । त्यसैगरी गाविस स्तरको व्यवस्थापन समितिमा पनि गाविस अध्यक्ष पदेन सदस्य हुने र हरेक वडाबाट छनोट भएका ९ जना र मनोनीत ५ जना गरी १५ सदस्यीय व्यवस्थापन समिति रहने व्यवस्था गरिएको छ । यसमा पनि महिलाको प्रतिनिधित्व मनोनीत १ वा २ भन्दा अन्त कतैबाट आउन सक्ने अवस्था देखिँदैन । जनजाति वा दलित प्रतिनिधित्व हुने अवस्था पनि कम रहेको छ भने अपांगहरूको प्रतिनिधित्वको यसमा कल्पना नै गरिएको छैन । यो नियमावलीले सामाजिक समावेशीका कुराहरूलाई बेवास्था गरेको देखिन्छ । अर्कोतिर सामुदायिक वनलाई गरिबमुखी बनाउन प्रयत्न गरिएको छ तर संरक्षण क्षेत्र आफैंमा गरिबमुखी हुनुपर्ने पक्षमा मौन छ । संरक्षण क्षेत्रबाट प्राप्त हुने आम्दानी राष्ट्रिय सरकार र स्थानीय सरकारमा जाने कुरा उल्लेख गरिएको छैन । संरक्षण

क्षेत्रको व्यवस्थापनमा सेवा प्रदायक संस्थाको कल्पना गरिएको छ तर भूमिका किटानी छैन । सामुदायिक संरचना र परिषद्‌जस्ता जनप्रतिनिधिमूलक संरचनाहरूको सार्वजनिक सुनुवाइ तथा जनलेखा परीक्षणको व्यवस्था रहेको छ तर सेवाप्रदायक संस्था वा परियोजना चलाउने संस्थाले सार्वजनिक सुनुवाइ तथा लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छैन ।

प्रस्तावित नियमावलीमा भएका सकारात्मक पक्षलाई सम्मान गर्दै केही सुधार गर्नुपर्ने विषयमा निरन्तर अभियानको खाँचो छ । विशेष गरी लैंगिक तथा जातीय एवं वर्गीय रूपमा समावेशी बनाउनका लागि तत्काल अभियानको खाँचो छ । यसका साथै ऐन संशोधन वा परिमार्जनका पक्षमा राष्ट्रिय स्तरमा नियमित अभियान तथा दबाब दिन जरुरी छ ।

विगतका प्रस्तावित नियमावलीले जनप्रतिनिधिमूलक संरचनाहरू संस्थाका कर्मचारीको मातहतमा रहने, संरक्षण क्षेत्रको सम्पूर्ण व्यवस्थापन संस्थाको जिम्मामा रहने, सामुदायिक वनलगायतका सामुदायिक संरचनाहरू संस्थाको मातहतमा रहने, सामुदायिक संगठनका आम्दानी संस्थाको खातामा जाने, संस्थाले तोकेका काम मात्र गर्न पाउनेजस्ता अलोकतान्त्रिक परिपाटीलाई पछिल्लो प्रस्तावित नियमावलीले हटाएको छ ।

## अन्त्यमा

स्थानीय समुदायको अधिकार जोगाइराख्न सानोतिनो प्रयत्नबाट सफल हुन गाह्रो हुने रहेछ भन्ने पाठ गौरीशंकर संरक्षण क्षेत्रले सिकाएको छ । स्थानीय समूह तथा उनीहरूको प्रतिनिधिमूलक संगठनसँग परामर्श गर्दै नगरी अध्ययनअनुसन्धानबिना नै हचुवाको भरमा गौरीशंकर संरक्षण क्षेत्र घोषणा गर्ने काम भएको थियो । त्यसको प्रक्रिया र आफ्नो परम्परागत हक तथा स्वामित्वको विषयलाई लिएर अभियान गर्दा वा सहयोग गर्दा विकासविरोधीको बिल्लासमेत लगाउने गरेको पाइयो तथापि निरन्तर आन्दोलन जारी राखेमा जनमुखी अभियानको कहिल्यै पनि हार हुँदैन । अहिले पनि समुदायले खोजेजति विषयहरू प्रस्तावित नियमावलीले समेटेको छैन, तापनि विगतका संरक्षण क्षेत्रसम्बन्धी बनेका नियमावलीहरूभन्दा प्रगतिशील भने अवश्य छ । तर यो प्रस्तावित नियमावलीले अन्तिम रूप प्राप्त गरी लागू हुने कुरामा अझै शंका छ । सरकारबाट २० वर्षका लागि व्यवस्थापन गर्ने जिम्मा पाएको संस्था यता नयाँ नियम बनाउन बसेजस्तो गर्दै उता पुरानो कानुनका आधारमा समिति बनाउने, विदेशी पर्यटकसँग पैसा उठाउने, परामर्शदाता नियुक्त गरी योजना बनाउने कार्य गरिरहेको छ । समुदायलाई भुलाउन खेलेको नाटक त होइन भन्नेबारेमा सबैले शंका गर्ने ठाउँ अझै छ । यसको साथै यो नियमावलीभन्दा माथिको कानुन नै निरंकुशताको उपज भएकोले त्यसलाई समायानुकूल बनाउनु प्रमुख काम हो । त्यतातिर हामी सबैको ध्यान भने जान सकेको छैन । प्राकृतिक स्रोतमाथि जनअधिकारको अभियान कहिल्यै नटुंगिने आन्दोलन हो । हालसम्म भएका जनअधिकारका आन्दोलनहरू कहिल्यै मरेका छैनन्, चाहे त्यो ढिलोचाँडो किन नहोस् ।

## सन्दर्भ सामाग्री


**नेपाल सरकार** । २०४३ । संरक्षण क्षेत्र व्यवस्थापन नियमावली २०४३ । काठमाण्डौं: नेपाल सरकार ।

**नेपाल सरकार** । २०६८ । गौरी शंकर संरक्षण क्षेत्र व्यवस्थापन नियमावली २०६८ (प्रस्तावित) । काठमाण्डौं: नेपाल सरकार ।

**नेपाल सरकार** । २०२९ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ । काठमाण्डौं: नेपाल सरकार ।


●●●

* ***खतिवडा कप्सन नेपालमता कार्यरत हुनुहुन्छ ।***